"खानेपानी,सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र स.:-२०७७/७८
चलानी नं.:- ६२४

मितिः- २०७७/०९/०८

विषयः अनुदान रकम माग गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,

पौवादुङमा गाउँपालिका, च्याङ्ग्रे, भोजपुर ।

प्रस्तुत विषयमा सङ्घिय सरकारद्वारा हस्तान्तरित शसर्त बजेट अन्तर्गत सञ्चालन हुने प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री व्यवस्थापन अनुदान तर्फ प्रत्येक सामुदायिक विद्यालयमा शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापन अनुदान, प्रारम्भिक वालविकास कक्षा/पूर्व प्राथमिक कक्षा व्यवस्थापन अनुदान तथा निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि अनुदान शैक्षिक सत्र २०७७ को IEMIS मा अद्यावधिक भएको तथ्याङ्कको आधारमा निकासा हुने भएकाले तपसिल बमोजिमका सर्तहरु पुरा गरी विद्यालयको मागपत्र सहित मिति २०७७/०९/१७ सम्ममा माग पेश गर्नु हुन अनुरोध छ ।

तपसिलः

१. शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान विद्यालयले विव्यसको निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार, बुक कर्नर(प्रत्येक कक्षामा अनिवार्य रुपमा निर्माण गर्ने) तथा सिकाई सामग्री एवम् प्रविधिमा आधारित वैकल्पिक सिकाई पद्दती लगायतका क्षेत्रमा खर्च गर्न सकिने हुनाले उक्त रकम तोकिएकै क्षेत्रमा खर्च गर्ने प्रतिबद्दता उल्लिखित विव्यसको निर्णय प्रतिलिपी ।
२. प्रतिविद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास/पूर्वप्राथमिक कक्षाका लागि अनुदानबाट प्रारम्भिक वाल शिक्षाका लागि शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापनका लागि बाल शिक्षा सहजकर्ताको राय सुझाव लिई प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ मा उल्लेख भएका सिकाई सामग्रीहरु जस्तैः पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल आदि खरिद गरी सिकाई सहजीकरण गर्न सकिने हुनाले उक्त रकम तोकिएकै क्षेत्रमा खर्च गर्ने प्रतिबद्दता उल्लिखित विव्यसको निर्णय प्रतिलिपी ।
३. निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि प्रति विद्यार्थी लागन अनुदानबाट विद्यालयले कक्षा १ मा भर्ना भएका प्रत्येक विद्यार्थीको पोर्टफोलियो तयार गर्न आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी जस्ता विभिन्न अभिलेख समेत राखी त्यसका आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने, (कक्षा २ देखि ७ सम्मका अन्य विद्यार्थीहरुको हकमा यस अघिनै पोर्टफोलियो तयार गर्न रकम पठाई सकिएको हुनाले त्यसैलाई अद्यावधिक गरी उपयोग गर्ने) उक्त रकम तोकिएकै क्षेत्रमा खर्च गर्ने प्रतिबद्दता उल्लिखित विव्यसको निर्णय प्रतिलिपी ।

सुनिता कटुवाल
शिक्षा शाखा प्रमुख